सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ संख्या : १३ मिति : मंसिर ११ गते, २०७६


## भाग –२

## सिद्धार्थनगर नगरपालिका

# पत्रकारिता अक्षयकोष व्यवस्थापन कार्यविधि २०७६

**प्रस्तावना:** पत्रकारिताको माध्यमबाट यस नगरपालिकाको आर्थिक सामाजिक, सास्कृतिक पूर्वाधार लगायतका विविध क्षेत्रमा महत्वपूर्ण र चनात्मक योगदान पुर्‍याउने पत्रकारहरुलाई पुरस्कृत गर्ने उद्देश्य राखी स्थापना गरिएको पत्रकारिता अक्षयकोष २०७६ लाई व्यवस्थित गर्न यो कार्यविधी बनाईएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "पत्रकारिता अक्षयकोष व्यवस्थापन कार्यविधि २०७६" रहेकोछ ।

(ख) यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरे पश्चात लागु हुनेछ ।

(ग) अक्षयकोषको नामः यो कार्यविधिको नाम "पत्रकारिता अक्षयकोष व्यवस्थापन कार्यविधि २०७६" रहनेछ

(२) **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कोष" भन्नाले पत्रकारिता अक्षयकोष २०७६ लाई सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ग) "सहयोग" भन्नाले यस कोषलाई सरकारी, गैर सरकारी संघ, संस्था निकाय, व्यक्ति आदिबाट प्राप्त सहयोग र कमलाई जनाउनेछ ।

(घ) "पत्रकार" भन्नाले यस कार्यविधिको प्रयोजनको लागी सिद्धार्थनगर नगरपालिकालाई कार्यक्षेत्र बनाई बिद्युतिय तथा छापा माध्यमबाट नगर समग्र विकासको क्षेत्रमा पत्रकारिता गर्ने ब्यक्तिलाई सम्झनु पदर्छ ।

(ङ) "पत्रकारीता पुरस्कार सम्मान" भन्नाले दफा ६ बमोजिमको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने पत्रकारहरुलाई प्रदान गर्ने पुरस्कार, सम्मानलाई बुझाउनेछ ।

३. **कोषको स्थापनाः** सिद्धार्थनगर नगरपालिकाबाट पत्रकारहरुलाई पुरस्कार र सम्मानार्थ अक्षयकोष स्थापना गरिएको छ। जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्।

(क) नगरपालिकाबाट प्राप्त रकम।

(ख) संघ, प्रदेश सरकारबाट प्राप्त रकम

(ग) संस्थागत तथा व्यक्तिगत सहयोग रकम

(घ) अन्य रकम

४. अक्षयकोष व्यवस्थापन समिति

१. अक्षयकोष व्यवस्थापन समिति देहाय बमोजिम रहनेछ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको कार्यपालिकाका सदस्य मध्येबाट १ जना – सदस्य

(ङ) नगरपालिकाका प्रेस सल्लाहकार – सदस्य

च) सम्बन्धित क्षेत्रबाट समितिले मनोनयन गरेका १(एक) जना महिला सहित २ जना – सदस्य

छ) नगरपालिकाको सूचना अधिकारी – सदस्य सचिव

२. आवश्यकतानुसार बैठकमा आमन्त्रित सदस्य राख्न सकिनेछ।

३. समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ।

(५) **समितिको काम कर्तव्य र अधिकार :**

(१) अक्षयकोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोष बृद्धिको पहल गर्ने ।

ख) कोषको रकमलाई सुरक्षित ढंगबाट परिचालन गर्ने

ग) कोष स्थापनाको उद्धेश्य अनुसार पात्रलाई छनौट गरी सम्मान र पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

घ) कोषको दायरालाई फराकिलो बनाउदैं लैजान आवश्यक पहल गर्ने ।

ङ) पुरस्कार सिफारिश उपसमिति गठन गर्न सकिनेछ ।

६) **लक्षित क्षेत्रः**

क) छापा, पत्रपत्रिका(दैनिक, साप्ताहिक पाक्षिक मासिक र अन्य)

ख) रेडियो, एफ.एम. रेडियो

ग) टेलिभिजन

घ) अनलाईन सञ्चार माध्यम आदि

७) **सम्मान पुरस्कार छनौट गर्ने आधारहरुः**

(१) पत्रकारिता सम्मान पुस्कार छनौट गर्दा देहाय बमोजिम गरिनेछ ।

पत्रकारिता सम्मान तथा पुरस्कारको लागी सिफारिस गर्दा देहायका क्षेत्रमा आधारित हुनु पर्नेछ :

(क) छापा, पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र अन्य)

(ख) रेडियो, एफ.एम. रेडियो ।

(ग) टेलिभिजन

(घ) अनलाईन सञ्चारमाध्यम आदि ।

(२) न्यूनतम योग्यता :

पुस्कार तथा सम्मानको छनौट गर्दा निम्नानुसारको न्यूनतम योग्यता हनुपर्नेछ :

क. नगर विकासका सवाल, नगरपालिकाको अधिकार, कर्तब्य, उद्यमशिलता, रोजगार, सहभागीता, आलोचनात्मक, रचनात्मक एवम सकारात्मक सोच प्रवाह आदिमा पत्रकारिताको माध्यमबाट  नगर विकासमा निरन्तर योगदान पुऱ्याई रहेको,

ख. पत्रकारिताको क्षेत्रमा निरन्तर क्रियाशिल रहेको,

ग. पत्रकार आचारसंहिताको पूर्ण पालना गरेको,

घ. सरकारी पेश्की तथा बेरुजु नरहेको ।

(२) पत्रकारिता सम्मान तथा पुरस्कारको लागी सिफारिस गर्दा देहाय बमोजिमको आधारमा मुल्याङ्कन गरिनेछ ।

| क्र.सं. | मुल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | आलोचनात्मक, रचनात्मक एवम सकारात्मक सोच प्रवाहमा सहयोग पुऱ्याएको | १५ |
| २ | नगर विकासका सवालमा उपलब्ध अवसर र सम्भावना उजागर गरेको | १५ |
| ३ | नगर उद्यमशिलता विकासमा समाचार सम्प्रेषण गरि योगदान पुऱ्याएको | १० |
| ४ | नगर विकासका सवालमा खोजमूलक पत्रकारिता मार्फत योगदान पुऱ्याएको | १० |
| ५ | पत्रकारिताको क्षेत्रमा निरन्तर कार्यरत रहेको | १० |

| | | |
|---|---|---|
| ६ | रोजगारी तथा स्वरोजगारीका सवालमा समाचार लेखन, लेख मार्फत योगदान पुऱ्याएको | १० |
| ७ | पत्रकारिताको माध्यमबाट बिशेष प्राथमिकता क्षेत्रका नगर विकासमा क्रियाशिल रहेको | १० |
| ८ | नगरपालिकामा भएका र भैरहेका विकास निर्माण सरसफाई तथा विविध गतिविधिहरुका बारेमा जानकारी तथा सन्देश मूलक लेख रचनाहरु मार्फत योगदान पुऱ्याएको | १० |
| ९ | सामाजिक विकृति, बिसंगति, बिभेद न्यूनिकरण तथा सामाजिक सदभाव र शान्ती निर्माणको सवालमा पत्रकारिताको माध्यमबाट उजागर गरेको | १० |
| | जम्मा | १०० |

## स्पष्टिकरण

- उल्लेखित सबै आधारहरुमा अंक प्रदान गर्दा समाचार वा लेख रचनाको पटक वा श्रृंखलालाई गणना गरि धेरै पटक स्तरीय समाचार वा लेख प्रकाशन प्रसारण गर्ने पत्रकारलाई बढी अंक प्रदान गर्नु पर्नेछ ।
- खोजमूलक पत्रकारिता भन्नाले बिभिन्न क्षेत्र र भुगोलमा नगरले गरेका उदाहरणिय कार्य एवम सफलताको दृष्टान्तहरुको स्थलगत रिपोर्टिङ्ग, नगरका निति कार्यक्रम तथा तिनको कार्यान्वयन र उपलब्धी तथा समस्या र समाधानका बिषयमा खोजमूलक, अनुसन्धनात्मक एवम विवेचनात्मक रुपमा प्रस्तुत सामाग्रीहरुलाई बुझ्नु पर्दछ ।
- कार्यरत अवधि ५ बर्ष भन्दा बढीलाई १० अंक, ३–५ बर्ष भन्दा कमलाई ८ अंक र ३ बर्ष भन्दा कमलाई ५ अंक दिने ।

(८) विविध

(क) प्रत्येक आर्थिक बर्षमा व्यवस्थापन समितिको निर्णय बमोजिम छनौट भएका ३ जना पत्रकारलाई अक्षयकोषबाट प्राप्त ब्याजबाट दामासाहीका आधारमा पुरस्कार तथा सम्मान पत्र प्रदान गर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम पत्रकारिता पुरस्कार तथा सम्मानका लागी आवश्यक रकमको ब्यवस्था सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालयले स्थापना गरेको पत्रकारिता अक्षयकोषबाट हुनेछ ।

(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा सिद्धार्थनगर नगर कार्यपालिकाले बाधा अड्काउँ फुकाउनेछ ।

(घ) अक्षयकोष व्यवस्थापन पत्रकारिता सम्मान नगद र पुरस्कारको प्रयोजनार्थ सम्बन्धित सरोकारवाला संगको समन्वयमा व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाको निर्णयानुसार सम्मानीत हुने व्यक्तिहरुको न्यूनतम संख्या एकिन गरीनेछ ।

(ङ) बाधा अडकाउ फुकाउमा दुवै पक्ष बिच सहमति हुन नसकेमा कुनै विवाद भएमा नगरपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

(च) कोषको खाता सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(छ) अक्षय कोषको साँवा रकमलाई खर्च गर्न पाईने छैन ।

(ज) व्यवस्थापन समितिले पुरस्कृतको लागि छनौट गरेका नामावलीलाई कार्यपालिकाबाट स्वीकृत/अनुमोदन गरिनेछ ।

आज्ञाले,<br>
तुल्सीराम मरासिनी<br>
प्रमुख प्रशासकीय अधिकृत